## अपडेट-८

# नेपालमा कोभिड-१९ महामारीसँग सम्बन्धित घटनाको विश्लेषण

मंसिर १३, २०७७

DEMOCRACY RESOURCE CENTER

COCAP

NepalMonitor.org
NEPAL MONITOR
human rights . security . nepal

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) तथा शान्तिका लागि साझा अभियान (कोक्याप)/नेपाल पिस मनिटर

# नेपालमा कोभिड-१९ महामारीसँग सम्बन्धित घटनाको विश्लेषण

## १. परिचय

सन् २०१९ को अन्त्यदेखि कोभिड-१९ महामारीले विश्वभरि नै जनस्वास्थ्य संकट ल्याएको छ । यसले दैनिक जीवनका आर्थिक तथा सामाजिक पक्षलाई तहसनहस पारेको छ । विश्वका विभिन्न देशका सरकारहरूले कोभिड-१९ को प्रसार रोक्न सार्वजनिक गतिविधि र यातायातलाई सीमित पारी भिडभाड गर्न वर्जित गरे । त्यस्तै नियन्त्रण रणनीति अनुसरण गर्दै नेपाल सरकारले पनि मार्च २४, २०२० मा देशव्यापी लकडाउन लागू गरेको थियो । यस महामारीले स्वास्थ्य संरचनामाथिको चाप अत्यधिक बढाएको छ । यस संकट तथा त्यससँगै आएका प्रतिबन्धले देशभरिका मानिसहरूको जीविकोपार्जनमाथि उल्लेख्य प्रभाव पारेका छन् । यसले भेला हुने स्वतन्त्रता, अभिव्यक्तिको स्वतन्त्रता तथा संघ र संस्था खोल्ने स्वतन्त्रतालाई पनि संकुचित पारेको छ र नेपालमा द्वन्द्वका घटनाको सूत्रपात गर्ने सम्भावना ल्याएको छ ।

यस आकस्मिक परिवेशमा यो प्रतिवेदनले नेपालमा कोभिड-१९ महामारीसँग सम्बन्धित द्वन्द्वका घटनाहरूको विश्लेषण गरेको छ । कोक्यापको नेपाल पिस मनिटरिङ प्रोजेक्ट (पीएमपी) ले यी घटनाहरूको अभिलेखन गरेको थियो । पीएमपीले फेब्रुअरी २०२० देखि कोभिड-१९ महामारीसँग सम्बन्धित विभिन्न घटनाको अभिलेख राख्दै आएको छ ।[1] यी घटनामध्ये केही महामारीको नियन्त्रणका लागि सरकारले गरेको व्यवस्थापन प्रतिक्रियाका प्रत्यक्ष नतिजा थिए भने बाँकी सामाजिक र आर्थिक गतिविधिमा लगाइएका बन्देजले निम्त्याएका आर्थिक परिणामका उपज थिए । यस प्रतिवेदनले फेब्रुअरीदेखि सेप्टेम्बर २०२० सम्म महामारीका दौरान देखिएका घटनाहरूको विश्लेषण गरेको छ । यस आठ महिने अवधिमा नेपालभरिमा कोभिड-१९ महामारीसँग सम्बन्धित जम्मा ५१० घटना अभिलेखन गरिएको थियो । यी घटनामध्ये दुई तिहाइभन्दा बढी (७२.४ प्रतिशत) हिंसारहित थिए र बाँकी (२७.६ प्रतिशत) हिंसात्मक थिए ।[2]

## २. तथ्यांक स्रोत तथा वर्गीकरण

कोक्यापको म्यापिङ टोलीले मुख्य अनलाइन समाचार पोर्टल र राष्ट्रिय दैनिकहरूका साथै अनौपचारिक सेवा केन्द्र, थर्ड एलायन्स, ब्लू डायमण्ड सोसाइटी जस्ता नेपालका मानव अधिकार संगठनहरूको घटना रिपोर्ट र मिडिया काउन्सिलमा दर्ता भएका जिल्लास्तरीय समाचार पोर्टलहरूको दैनिक समीक्षामार्फत यस विश्लेषणका लागि तथ्यांक संकलन गरेको थियो । साथै २० जिल्लामा रहेका कोक्यापका प्रादेशिक कार्यालय तथा जिल्लास्थित स्रोत व्यक्तिहरूबाट पनि तथ्यांक संकलन गरिएको थियो । तथ्यांक संकलन गर्दा मिलेसम्म मिति तथा वडास्तरीय स्थानको विवरणसहित झडप, आक्रमण, प्रदर्शन, बन्द आदि घटनाको प्रकृतिबारे विवरण, पीडक वा पीडित संलग्न व्यक्तिको लिङ्ग, उमेर समूह तथा अन्य सान्दर्भिक समूहगत संलग्नताबारे विविध विवरण, र मृत्यु, चोटपटक, यौन आक्रमण वा धनमालको क्षति आदि प्रभावबारे विस्तृत विवरण अभिलेखन गरिएको थियो ।

## ३. घटनाक्रम

कोभिड १९ को पहिलो केस देखिएको समयताका अर्थात् फेब्रुअरी र मार्चमा हिंसात्मक र हिंसारहित दुवै प्रकृतिका घटना ज्यादै कम

[1] कोक्याप/नेपाल मनिटरले नेपालभरिका विभिन्न हिंसात्मक तथा हिंसारहित घटना र तिनको स्थानबारे अभिलेख राख्दै घटनाको प्रकृतिअनुसार वर्गीकरण गर्दै आएको छ । यसबारे तथ्यांक www.nepalmonitor.org मा उपलब्ध छ । यस्ता घटनाको अभिलेख राख्नुको उद्देश्य सम्बन्धित सबैलाई मानव अधिकार तथा सुरक्षासम्बन्धी मुद्दाबारे सचेत गराउनु तथा आफू वरपरका घटनाप्रति प्रतिक्रियामा सुधार ल्याउन तथा आफूलाई सुरक्षित राख्नमा सघाउ पुगोस् भन्ने हो । यसले सरकारी तथा गैरसरकारी निकायहरूलाई पनि आवश्यक नीतिगत व्यवस्थामार्फत आफ्नो प्रतिक्रियामा सुधार गर्न सघाउने अपेक्षा गरिएको छ ।

[2] पीएमपीले आक्रमण, सामूहिक झडप, तोडफोड तथा नागरिकहरूमाथि हिंसा र हिंसात्मक प्रदर्शनलाई हिंसात्मक घटनाको रूपमा वर्गीकरण गरेको छ । त्यसरी नै शान्तिपूर्ण प्रदर्शन, गिरफ्तारी, निष्कासन तथा सामाजिक निषेध, कालोबजारी, घेराउ तथा धर्ना, अड्चन अवरोध, सार्वजनिक अवहेलना, सडक अवरोध, हडताल र धम्कीलाई हिंसारहित घटना मानेको छ ।

थिए। यस प्रतिवेदनमा चर्चा गरिएका कुल ५१० घटनामध्ये ३१६ घटना (६२ प्रतिशत) अप्रिलदेखि जुनसम्मको तीन महिनामा भएका थिए। जम्मा ३६९ हिंसारहित घटनामध्ये पनि आधाभन्दा बढी (५६ प्रतिशत) यही तीन महिनामा भएका थिए। यस समयमा नेपाल सरकारले देशव्यापी लकडाउन पनि लागू गरेको थियो।[३] जुलाई महिनामा घटनाको संख्या घटेको थियो तर अगस्टमा फेरि बढेको थियो - कुल संख्याको २६ प्रतिशत घटना भएको यस महिनामा फेब्रुअरीदेखि सेप्टेम्बर बीचमा सबैभन्दा ठूलो मासिक वृद्धि भएको थियो (अनुसूचीअन्तर्गत तालिका ३ हेर्नुस्)। अगस्टमा ४० भन्दा धेरै जिल्ला प्रशासन कार्यालयहरूले आफ्नो जिल्लामा लकडाउन वा निषेधाज्ञा लागू गरेका थिए। यही अवधिमा देशभरिका थुप्रै स्थानीय सरकारहरूले पनि लकडाउन लागू गरेका थिए।[४]

हिंसात्मक अन्तर्गतका जम्मा १४१ घटनामध्ये करीब एकतिहाइ (४७ ओटा अर्थात् ३३ प्रतिशत घटना) अप्रिलमा भएको पाइएको थियो। अप्रिलको तुलनामा मे र जुनमा (क्रमश: ३० र १४ प्रतिशत) घटना संख्यामा केही कमी आएको थियो। समग्रमा हेर्दा अप्रिल, मे र जुन महिनामा देशव्यापी वा स्थानीय स्तरमा लक्षित बन्द लागू भएको समयमा हिंसात्मक तथा हिंसारहित दुवै प्रकारका घटनाको दर अधिक थियो। लकडाउनका प्रारम्भिक महिनामा विशेष प्रकृतिका घटनाको संख्या पनि अधिक रहेको थियो। जस्तै, कालोबजारीका ३३ घटनामध्ये २३ अर्थात् दुई तिहाइभन्दा बढी घटना अप्रिल र मे महिनामा भएको पाइएको थियो। आठ महिनाको अवधिभरिमा भएका सानाठूला सामूहिक आक्रमणका ८१ घटनामध्ये ६६ प्रतिशत अर्थात् दुईतिहाइ घटना अप्रिल र मे दुई महिनामा भएका थिए। जुलाई महिनामा लकडाउन तुलनात्मक रूपमा खुकुलो पारिएसँगै हिंसात्मक तथा हिंसारहित दुवै प्रकारका घटनाको संख्या घटेर क्रमश: ४ प्रतिशत र १० प्रतिशतमा सीमित भएका थिए।

**चित्र १: महामारीका महिनामा घटनाको दर**




*स्रोत: टाइमलाइन, reliefweb.int*

## ४. प्रादेशिक तथा क्षेत्रीय प्रवृत्ति

आठ महिने अवधिका घटनामध्ये सर्वाधिक घटना (करिब २९ प्रतिशत) प्रदेश २ मा थिए भने बागमती प्रदेश दोस्रो स्थान (करिब २९ प्रतिशत) मा थियो। कुल ३६९ हिंसारहित घटनामध्ये

---

[३] कोभिड-१९ संक्रमण फैलिनबाट रोक्न नेपाल सरकारले मार्च २४, २०२० मा शुरु गरेको लकडाउन मध्यअसारसम्म लागू भएको थियो। कोभिड-१९ सँग सम्बन्धित घटनाको संख्यामा पनि त्यही अवधिमा वृद्धि हुन थाल्यो।

[४] अनलाइनखबर। २०२०। देशभरिका आधाभन्दा बढी जिल्लामा निषेधाज्ञा। https://www.onlinekhabar.com/२०७७/08/889928 मा उपलब्ध; नोभेम्बर १, २०२० मा हेरिएको

सर्वाधिक (करिब २९ प्रतिशत) बागमती प्रदेशमा थिए भने प्रदेश २ दोस्रो स्थान (करिब २२ प्रतिशत) मा थियो । कुल १४१ हिंसात्मक घटनामध्ये करिब ४६ प्रतिशत अर्थात् झन्डै आधाजसो हिंसात्मक घटना प्रदेश २ का थिए । अन्य प्रदेशमा २० भन्दा कम संख्यामा हिंसात्मक घटना भएका थिए । अन्य प्रदेशको दाँजोमा गण्डकी र कर्णाली प्रदेशमा न्यून संख्यामा अर्थात् जम्मा ६-६ प्रतिशत मात्रै हिंसात्मक तथा हिंसारहित दुवै प्रकारका घटना भएको पाइयो । सातै प्रदेशमा हिंसात्मकको दाँजोमा हिंसारहित घटना धेरै थिए । तर कर्णाली प्रदेश र प्रदेश २ मा हिंसात्मक घटनाको अनुपात अन्य प्रदेशमा भन्दा धेरै थियो ।

विरोध तथा हडताल नै भएका थिए । बागमती प्रदेशमा भएका ४० हिंसारहित प्रदर्शनमध्ये ३३ ओटा घटना काठमाडौँ उपत्याकामा घटेका थिए ।

जिल्लास्तरीय तथ्यांक केलाएर हेर्दा अभिलेखीकरण भएका कुल घटनामध्ये ४० प्रतिशत घटना जम्मा सात जिल्लाभित्र भएको देखिन्छ । सबैभन्दा धेरै घटना काठमाडौँमा, त्यसपछि क्रमश: पर्सा, धनुषा, कैलाली, सप्तरी, मोरङ र चितवन जिल्लामा छन् (अनुसूचीअन्तर्गत तालिका ७ हेर्नुस्) ।[५] त्यस्तै हिंसात्मक घटनामध्ये झण्डै आधाजसो घटना पाँच जिल्लाका थिए । काठमाडौँबाहेक अन्य चार जिल्ला प्रदेश २ का हुन् । हिंसात्मक घटनाको तुलनामा हिंसारहित घटना भने धेरै जिल्लामा फैलिएका छन् । हिंसारहित

**चित्र २: विभिन्न प्रदेशमा घटनाहरू**




प्रदेश २ मा हिंसात्मक घटनाको सर्वाधिक रूप शारीरिक आक्रमण नै थियो जसमा साना तथा ठूला दुवैखाले समूह संलग्न थिए । त्यहाँका ६५ हिंसात्मक घटनामध्ये ३७ ओटा लकडाउनको अवधिमा या राहत वितरणका दौरान प्रहरी तथा स्थानीय सरकारका प्रतिनिधि आदि जस्ता राज्यका अन्य निकायले नागरिकहरूविरुद्ध अवश्यकताभन्दा बढी बल प्रयोग गर्दा भएका थिए । प्रदेश २ मा चार र बागमती प्रदेशमा एउटा हिंसात्मक प्रदर्शन भए भने बाँकी प्रदेशमा त्यस्ता प्रदर्शन नै भएनन् । बागमती प्रदेशमा प्राय: नागरिक

घटनामध्ये धेरै (१४ प्रतिशत) घटना काठमाडौँ जिल्लामा भए । त्यसपछि क्रमश: पर्सा, कैलाली र मोरङ जिल्ला छन् । स्थानीय तहमा भएका घटनाको अभिलेखमा काठमाडौँ महानगरपालिका, वीरगंज महानगरपालिका, जनकपुरधाम उपमहानगरपालिका, विराटनगर महानगरपालिका, भरतपुर महानगरपालिका तथा धरान

[५] अन्य जिल्लाको तुलनामा यी जिल्लामा जनसंख्या र उच्च आर्थिक गतिविधि हुने क्षेत्र धेरै छन् ।

उपमहानगरपालिकासहित जम्मा छ स्थानीय एकाइमा मात्रै १० भन्दा बढी घटना भएको देखिन्छ । यसले कोभिड-१९ सम्बन्धी धेरैजसो घटना केही मात्रै जिल्ला र स्थानीय एकाइमा केन्द्रित रहेको तथ्य उजागर गर्छ ।

## ५. घटनाका कारण, प्रकृति तथा तिनमा संलग्न व्यक्ति

नेपालमा कोभिड-१९ महाव्याधी व्यवस्थापनका दौरान भएका हिंसात्मक तथा हिंसारहित द्वन्द्वहरूको प्रकृति, कारण र तिनमा संलग्न व्यक्तिहरूबारे यस खण्डमा सिंहावलोकन गरिएको छ । ती घटना पछाडिका केही मूल कारणमा कोभिड-१९ महामारीको सरकारद्वारा (अ)व्यवस्थापन, लकडाउनको समयमा राहत वितरणबारे द्वन्द्व, कोभिड-१९ का बिरामी र तिनको हेरचाहमा खटिएका स्वास्थ्यकर्मीविरुद्ध पूर्वाग्रह र भेदभाव, र नेपाली नागरिक तथा विदेशी व्यक्तिको स्वदेश फिर्ती प्रक्रिया आदिसँग जोडिएका छन् । यी प्रत्येक विषयबारे तल चर्चा गरिएको छ । घटनामध्ये सबैभन्दा धेरै (झन्डै ४० प्रतिशत) घटना सरकारले कोभिड-१९ महामारी नियन्त्रण रणनीतिमा देखाएको अव्यवस्थापनसँग गाँसिएका छन् । द्वन्द्वको घटना उत्पन्न गराउने अर्को कारणमा राहत वितरणबारे द्वन्द्व (१३ प्रतिशत) र लकडाउन लागू गर्ने क्रममा सुरक्षाकर्मीद्वारा बल प्रयोग (११ प्रतिशत) थियो । यसले प्राय: घटना राज्यका निकाय र जनसाधारणबीचका द्वन्द्वबारे भएको देखाउँछ ।

### *सरकारी (अ)व्यवस्थापन*

सातै प्रदेशमा भएका कुल ५१० घटनामध्ये १९३ घटना वस्तुत: कोभिड-१९ महामारी नियन्त्रणमा सरकारले गरेको कमजोर व्यवस्थापनले उत्पन्न गराएको असन्तुष्टिका कारण नागरिकहरूद्वारा विरोध, हडताल वा धर्ना थिए । यीमध्ये प्राय:जसो घटना सरकारी निकायविरुद्ध विरोधका थिए ।

स्थानीय निकायद्वारा निर्माण गरिएका क्वारेन्टिन स्थलमा राखिएका मानिसहरूले ती क्वारेन्टिन स्थलको गुणस्तरहीनता र अव्यवस्थापनबारे विरोध गरेका थिए । कतिपय क्वारेन्टिन स्थलले एकातिर खानपिन तथा सरसफाइबारे उचित प्रबन्ध गरेका थिएनन् भने अर्कातिर संक्रमण फैलाउन सक्ने सम्भावना भएका व्यक्तिहरूलाई सानो ठाउँमा कोचेर राखेका थिए । संघीय सरकारले भारत तथा अन्य देशबाट फर्किएका मानिसहरूको क्वारेन्टिन व्यवस्थापनका निम्ति स्थानीय सरकारलाई गुहारेको थियो र देशभरिका स्थानीय सरकारले आ-आफ्नै क्वारेन्टिन केन्द्रहरू स्थापना गरेका थिए । तर स्थानीय सरकारसँग आवश्यक सुरक्षा मापदण्ड पालना गर्न चाहिने पर्याप्त पूर्वाधार तथा स्रोतसाधनको अभाव थियो जसका कारण व्यवस्थापनको पाटो लथालिंग भएको थियो । एकातिर क्वारेन्टिनको व्यवस्थापन कमजोर हुनाले र अर्कातिर कोभिड-१९ परीक्षण किट र परीक्षणको नतिजा आइपुग्नमा भएको ढिलासुस्तीका कारण त्यस्ता क्वारेन्टिन केन्द्रहरू आफैं संक्रमण फैलाउने हटस्पट बनेका थिए । यस प्रकारका विफलताका कारण क्वारेन्टिन केन्द्रमा राखिएका मानिसहरू तथा तिनका परिवारजनले क्वारेन्टिनको अपरिहार्यतालाई अस्वीकार गरेर वा विरोधमार्फत आफ्नो असन्तुष्टि पोखेका थिए । यसको एक उदाहरण दैलेखको भैरव गाउँपालिकामा भारतबाट फर्किएका आप्रवासी नेपालीको एक समूहले क्वारेन्टिन स्थलमा उचित व्यवस्थापन नभएको भन्दै प्रमुख प्रशासकीय अधिकृतलाई गरेको आक्रमण हो ।[६] देशभरिमा ४० भन्दा बढी यस्ता घटना क्वारेन्टिनका विषयसँग सम्बन्धित थिए । यीमध्ये २५ घटना हिंसात्मक थिए जसमा क्वारेन्टिन तथा आइसोलेसन केन्द्रहरूको व्यवस्थापनमा सुधार माग गर्दै स्थानीय तहका जिम्मेवार व्यक्तिमाथि आक्रमण भएको थियो ।

कोभिड-१९ परीक्षण किट र परीक्षणको नतिजा आइपुग्नमा हुने ढिलासुस्तीका कारण आइसोलेसन तथा क्वारेन्टिनमा आवश्यकभन्दा धेरै समय बस्नु परेकोले स्थानीय निकाय र आइसोलेसन तथा क्वारेन्टिन केन्द्रमा बसिरहेका नागरिकहरूबीच केही घटना भएका थिए । देशमा कोभिड-१९ को दोस्रो केस पुष्टि हुनेबित्तिकै नेपाल सरकारले देशव्यापी लकडाउन लागू गरे पनि देशभरि क्वारेन्टिन केन्द्रमा बसिरहेका व्यक्तिहरूको परीक्षण गर्न आवश्यक पर्ने परीक्षण क्षमता वृद्धि गरिएन । यसका कारण परीक्षणको नतिजा आउनमा ढिलासुस्ती भइरहेको थियो र मानिसहरू क्वारेन्टिन केन्द्रमा लामो

---

[६] रासस । २०२० । क्वारेन्टिनमा बसेकाहरुबाट प्रशासकीय अधिकृतमाथि हातपात । *रातोपाटी* । https://ratopati.com/story/132878/२०७७/6/3/attack मा उपलब्ध; नोभेम्बर ३, २०२० मा हेरिएको ।

अवधिसम्म बस्न बाध्य भएकाले उनीहरू झन् थप संक्रमणको जोखिममा परेका थिए । त्यसैले पनि उनीहरू क्वारेन्टिन कार्यान्वयन गर्ने निकायहरूविरुद्ध प्रतिकारमा उत्रिएका थिए ।

त्यस्ता घटना शुरुमा स्थानीय निकायहरूविरुद्ध भए पनि पछि सरकारको कोभिड-१९ प्रतिको लापरवाहीपूर्ण व्यवस्थापनविरुद्ध युवाहरूको नेतृत्वमा देशव्यापी शृंखलाबद्ध विरोध भए । यी विरोध कार्यक्रमले पोलिमरेज चेन रियाक्सन (पीसीआर) परीक्षणको दायरा फराकिलो पार्ने तथा आइसोलेसन र क्वारेन्टिन केन्द्रमा उपलब्ध सुविधा सुधार्नुपर्ने माग गरेका थिए । कोभिड-१९ प्रति सरकारले गरेको क्रियाकलापलाई यी विरोध कार्यक्रमले बारम्बार 'अकर्मण्य' बताएका थिए । 'इनफ इज इनफ' नाम दिइएको एक विरोध शृंखला काठमाडौँका युवाद्वारा शुरु गरिएको थियो । शुरुमा केही युवाहरूको समूहले सरकारको अकर्मण्यतालाई धिक्कार्दै र थप पीसीआर परीक्षण, आइसोलेसन तथा क्वारेन्टिन केन्द्रमा उपलब्ध सुविधामा सुधार माग गर्दै भोक हडताल गरेको थियो ।[७] यी विरोध प्रदर्शनहरूले देशको अन्य स्थानहरू र विशेषगरी शहरी क्षेत्रमा नागरिक समर्थन पाएको थियो । देशभरि नै र विशेषगरी युवा वर्गमाझ त्यस्तै प्रकारका विरोध प्रदर्शनहरू फैलिनुले कोभिड-१९ विरुद्ध सरकारले गरेका कामप्रति तिनको व्यापक असन्तुष्टिलाई छर्लंग पारेको थियो । सरकारले सार्वजनिक भेला, यातायात तथा आर्थिक गतिविधिमा कडा बन्देज लागू गरेको भए पनि जनस्वास्थ्यका दृष्टिकोणले महामारीविरुद्ध उसको व्यवस्थापन भने प्रभावकारी थिएन । फलस्वरूप संक्रमण फैलिने दर झनै बढ्यो । त्यसैले महामारी नियन्त्रणप्रति सरकारले गरेको त्रुटिपूर्ण अभ्यासमा सुधारको माग गर्दै लकडाउन लागू गरिएकै अवधिमा पनि विरोध प्रदर्शनहरू भए ।

## *पूर्वाग्रह तथा विभेद*

देशका विभिन्न स्थानमा पूर्वाग्रह तथा विभेदका घटना पाइए । कोभिड-१९ का बिरामी, भाइरसद्वारा संक्रमित हुने सम्भावना बढी रहेका अग्रपंक्तिका कर्मचारी र स्वदेशी तथा विदेशी आप्रवासीविरुद्ध त्यस्ता पूर्वाग्रह तथा विभेद लक्षित थिए । कैयौँ ठाउँमा स्थानीय नागरिकहरूले आफ्नो समुदाय नजिकै आइसोलेसन र क्वारेन्टिन केन्द्र तथा चिहान स्थापना गर्ने स्थानीय स्तरका निर्णय विरुद्ध प्रदर्शन गरेका थिए । तीमध्ये पहिलो प्रदर्शन भक्तपुरमा भएको थियो जहाँ स्थानीय नागरिकहरूले महामारीको उद्गमस्थल चीनको वुहान शहरबाट स्वदेश फिर्ता ल्याइएका मानिसहरूको लागि क्वारेन्टिन केन्द्र निर्माण गर्ने एकतर्फी निर्णय संघीय सरकारले लिएको थियो ।[८] त्यसयता आफ्नो समुदाय नजिकै त्यस्तै प्रकृतिका केन्द्र स्थापना गर्ने स्थानीय सरकारको निर्णय विरुद्ध अनेकौँ समुदायले विरोध प्रदर्शन गरे ।

पूर्वाग्रहका प्राय: घटना कोभिड-१९ का बिरामी तथा अग्रपंक्तिका कर्मचारी, स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मी विरुद्ध लक्षित थिए र त्यस्ता केही व्यक्तिले भौतिक आक्रमणसमेत सामना गर्नु परेको थियो । अग्रपंक्तिका कर्मचारीहरूले आफूमाथि आक्रमण गर्ने व्यक्ति तथा समूहविरुद्ध आवाज उठाउन सामाजिक सञ्जाल पनि प्रयोग गरेका थिए ।[९] भाइरस संक्रमणको उच्च जोखिमका व्यक्तिहरूले आफूले बसोबास गरिरहेको समुदायबाट निष्कासनको पनि सामना गर्नु परेको थियो । बहालमा बसोबास गरिरहेका संक्रमित तथा अग्रपंक्तिका कर्मचारीहरूले संक्रमणको डरले उब्जाएको पूर्वाग्रहका कारण बासस्थानबाट निकालिने जोखिममा थिए । शहरी तथा ग्रामीण दुवै परिवेशमा यस्ता समूहका व्यक्तिहरूलाई बासस्थानबाट निकालिएका धेरै घटना प्रकाशमा आएका थिए । उदाहरणका लागि भाइरस संक्रमणपछि निको भएका एक स्वास्थ्य सहायक (अहेव) लाई कर्णाली प्रदेशमा उनी नियुक्त भएको गाउँमा प्रवेश गर्न दिइएन ।[१०] त्यस्तै, काठमाडौँस्थित एउटा स्थानीय समुदायले एक होस्टेललाई त्यहाँ बसोबास गरेका स्वास्थ्यकर्मीलाई निष्कासन

---

[७] द हिमालयन टाइम्स । २०२० । हंगर स्ट्र्याइक एगेन्स्ट गभर्नमेन्ट इनएफिसिएन्सी । https://thehimalayantimes.com/nepal/hunger-strike-against-government-inefficiency/. मा उपलब्ध; नोभेम्बर ३, २०२० मा हेरिएको ।

[८] ढकाल, सावित्री । २०२०। भक्तपुर लोकल्स प्रोटेस्ट एगेन्स्ट लाइक्ली क्वारेन्टिन साइट । *हिमालयन टाइम्स* । https://thehimalayantimes.com/nepal/bhaktapur-locals-protest-against-likely-quarantine-site/ मा उपलब्ध; नोभेम्बर १, २०२० मा हेरिएको ।

[९] द रेकर्ड । २०२०। फ्रन्टलाइन वकर्स क्लाप ब्याक एगेन्स्ट कोभिड शामर्स, भिजिल्यान्ट्स । https://www.recordnepal.com/covid19/frontline-workers-clap-back-against-covid-shamers-vigilantes/ मा उपलब्ध; नोभेम्बर ४, २०२० मा हेरिएको ।

[१०] शाही, दीपकजंग । २०२० । अस्पतालबाट डिस्चार्ज भएका स्वास्थ्यकर्मीको दुखेसो : गाउँलेले घर जानै दिएनन्, बाइकै तोडफोड गरिदिए । *सेतोपाटी* । https://www.setopati.com/social/208826 मा उपलब्ध; नोभेम्बर ४, २०२० मा हेरिएको ।

गर्न भनेको थियो ।[११] यस्ता दुर्व्यवहार, निष्कासन, बहिस्करण तथा छि: छि: दुरदुरका केही घटनामा संलग्न व्यक्तिहरूविरुद्ध सरकारी निकायहरूले सूचना जारी गर्नुका साथै कारबाहीसमेत गरेका थिए। दाङमा आफ्नो घरमा बसोबास गरिरहेका स्वास्थ्यकर्मीलाई निष्कासन गरेबापत सुरक्षा निकायले घरधनीलाई गिरफ्तार गरेको थियो ।[१२]

यस अवधिमा जातपातमा आधारित तथा अन्य समुदायविशेषप्रति लक्षित विभेदका केही घटना पनि प्रकाशमा आएका थिए। शुरुवाती दिनमा नेपालमा पुष्टि भएका कोभिड-१९ केसमध्ये प्रारम्भिक केही केस दिल्लीमा आयोजित मुसलमान समुदायको धार्मिक कार्यक्रमबाट फैलिएको भन्ने समाचार बाहिरिएपछि केही जिल्लाका स्थानीय समुदायले मुसलमान समुदायका व्यक्तिहरूलाई सामाजिक निषेध वा छि: छि: दुरदुर गरेका थिए ।[१३] यद्यपि यस्ता घटना थोरै जिल्लामा सीमित थिए। डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डिआरसीएन) ले यस्ता पूर्वाग्रहका घटना प्रकाशमा आएकै एक जिल्ला पर्सामा धार्मिक अगुवाहरूले परिस्थितिलाई सहज बनाउन सकारात्मक पहल गरेकोबारे आफ्नो प्रतिवेदनमा उल्लेख गरेको थियो ।[१४] केही स्थानीय एकाइमा स्थानीय सरकारले स्थापना गरेका क्वारेन्टिन केन्द्रहरूमा जातपातमा आधारित भेदभाव भएको खबर आएको थियो । अछामका क्वारेन्टिन केन्द्रमा तथाकथित तल्लो जातका व्यक्तिलाई भेदभाव गरेकाले निर्वाचित जनप्रतिनिधिहरूसँग दलित अधिकारकर्मीले विरोध जनाएका थिए ।[१५] यस्ता घटनामा चिन्ताको विषय के थियो भने निर्वाचित जनप्रतिनिधिहरूले परिस्थितिलाई उचित तवरमा सम्बोधन गर्दै त्यस्ता घटना न्यूनीकरण गर्न नसकेकाले नै नागरिकहरूले विरोध जनाउनु परेको थियो ।

## *राहत सामग्री वितरण*

७० भन्दा बढी घटना राहत सामग्री वितरणसम्बन्धी थिए। लकडाउन शुरु भएको केही हप्ताभित्रै केही समूहले विरोध गर्न थालिसकेका थिए। भाइरस नफैलियोस् भनी लागू गरिएको लकडाउनका कारण रोजगारीको व्यापक अभाव तथा व्यवसायमा भएको क्षयको सट्टा राहत माग गर्दै उनीहरूले विरोध प्रदर्शन गरेका थिए ।[१६] मार्चको अन्त्यतिर नेपाल सरकारले राहत प्याकेज घोषणा गरे पनि यसको वितरण प्रक्रियाले द्वन्द्व उब्जाएको थियो। राहत वितरणबारे कलह प्राय: प्रदेश २ र सुदूरपश्चिम प्रदेशमा भए। यी दुई प्रदेशमा देशभरिकै घटनामध्ये करिब ७० प्रतिशत घटना भएका थिए ।[१७] प्रायःजसो यस्ता घटना अप्रिल र मेमा स्थानीय सरकारद्वारा राहत प्याकेज वितरण गर्ने क्रममा हुन पुगे।

विरोध प्रदर्शन, सरकारी निकाय र राहत माग गर्ने समूहबीच झडप तथा समूह समूहबीच झडपका घटना प्रकाशमा आएका थिए । खरिद प्रक्रियामा अनियमितता तथा राहत वितरण प्रक्रियामा पक्षपात

[११] दंगाल, शम्भु। २०२०। बानेश्वरमा धम्कीसहित स्थानीयले गरे डाक्टर–नर्स बसेको घर घेराउ। रातोपाटी। https://ratopati.com/story/143742/2020/8/22/corona-virus- मा उपलब्ध; नोभेम्बर ४, २०२० मा हेरिएको।

[१२] केसी, दुर्गालाल। २०२०। पुलिस एरेष्टेड ल्याण्डलोर्ड फर इभिक्टिङ अ स्टाफ नर्स फ्रम हर रेन्टेड हाउस इन दाङ। द *काठमाडौँ पोष्ट*। https://kathmandupost.com/province-no-5/2020/03/31/police-arrest-landlord-for-evicting-a-staff-nurse-from-her-rented-house-in-dang मा उपलब्ध; नोभेम्बर ४, २०२० मा हेरिएको।

[१३] भारतमा पनि यस घटनाले मुसलमान समुदायहरूविरुद्ध निष्कासन तथा छि:छि: र दुरदुरका घटना व्यापक बनाएको थियो जसमा कोभिड-१९ र त्यसको संक्रमणबारे राष्ट्रियस्तरका सञ्चार माध्यमले निर्माण गरेका विभेदकारी भाष्यले पनि आगोमा घिउ थपेको थियो।

[१४] डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल। २०२०। *रोल अफ लोकल गभर्नमेन्ट इन कोभिड-१९ प्रिभेन्सन एण्ड क्वारेन्टिन मेनेज्मेन्ट*। https://www.democracyresource.org/wp-content/uploads/२०७७/05/COVID-19_Update-2_1June२०७७-Second.pdf मा उपलब्ध; नोभेम्बर ४, २०२० हेरिएको।

[१५] नेपाल मनिटर। २०२०। दलित राइट्स एक्टिभिस्ट प्रोटेस्ट एगेन्स्ट डिस्क्रिमिनेशन एट क्वारेन्टिन इन अछाम। https://nepalmonitor.org/reports/view/28715 मा उपलब्ध; नोभेम्बर ४, २०२० मा हेरिएको।

[१६] नेपाल राष्ट्र बैंकको सर्वेक्षणले २२ दशमलव ५ प्रतिशत रोजगारी गुमेको र लकडाउनको समयमा करिब ६१ प्रतिशत व्यवसायहरू बन्द रहेको अनुमान गरेको छ।

[१७] देशका सात प्रदेशमध्ये यी दुई प्रदेशमा गरिबीको दर सबैभन्दा धेरै छ। राष्ट्रिय योजना आयोगको एक प्रतिवेदनका अनुसार प्रदेश २ मा बहुपक्षीय गरिबीसहितका व्यक्तिको संख्या ४७ दशमलव ८९ प्रतिशत छ भने सुदूरपश्चिम प्रदेशमा बहुपक्षीय गरिबीसहितका व्यक्तिको संख्या ३३ दशमलव ५६ प्रतिशत छ। ५१ दशमलव २२ प्रतिशत बहुपक्षीय गरिबीसहितका व्यक्ति भएको कर्णाली प्रदेशमा मात्रै यिनमा भन्दा धेरै गरिब नेपाली छन्। National Planning Commission, Government of Nepal & Oxford Poverty and Human Development Initiative, University of Oxford. 2018. Multidimensional Poverty Index: Analysis towards Action. https://www.npc.gov.np/images/category/Nepal_MPI.pdf मा उपलब्ध; नोभेम्बर ३, २०२० मा हेरिएको।

भएको आरोपमा कहिलेकाहीँ हिंसात्मक रूप लिने विरोध प्रदर्शन भएका थिए। सप्तरीको कञ्चनरूप नगरपालिकामा राहत वितरणमा अनियमितता भएको आरोपमा झडप भएको थियो । स्थानीय नागरिकहरूले सरकारी राहत आवश्यक नभएका व्यक्तिको नाम राहतसूचीमा समावेश गरेको आरोप वडा सदस्यमाथि लगाएका थिए।[१८] राहत वितरणबारे अधिकांश घटना त्यस्तै प्रकृतिका थिए जसमा स्थानीय निकायमाथि अनियमितताको आरोप लगाइएको थियो । डिआरसीएनसँग अन्तर्वार्तामा धनकुटा, चितवन र अन्य जिल्लाका स्थानीय प्रतिनिधिले कुनै व्यक्तिले राहत लिने आवश्यकता नभएको आफूलाई थाहा भए पनि तिनले राहत माग गर्दा अस्वीकार गर्न कठिन भएको जिकिर गरेका थिए। उनीहरूले राहत वितरण मापदण्डलाई इङ्गित गर्दै राहत प्राप्त गर्न सक्ने वर्गबारे प्रावधान फराकिलो भएको तथ्य औँल्याएका थिए । निर्वाचित जनप्रतिनिधिका अनुसार उनीहरूको स्थानीय एकाइमा उक्त सूचीमा समावेश सबै समूहलाई राहतको आवश्यकता थिएन।

स्थानीय सरकारहरूको दृष्टिकोणबाट हेर्ने हो भने संघीय सरकारले निर्धारण गरेको राहत वितरण प्याकेज मापदण्ड स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने प्रकृतिको र स्थानीय सरकारको आर्थिक क्षमता भित्रको थिएन। राप्ती नगरपालिका प्रमुख प्रशासकीय अधिकृतले भने, "मापदण्डले राहत आवश्यक नहुने थुप्रै व्यक्तिलाई समेटेको थियो तर हामीले उनीहरूलाई राहत सूचीबाहिर राख्न पाएनौँ।" यस विचारसँग सोही नगरपालिकाका एक वडा सदस्यले पनि सहमति जनाए । लाभग्राहीको वर्गीकरणबारे अस्पष्टताका कारण स्थानीय तहका निर्वाचित जनप्रतिनिधिले राहत प्राप्त गर्ने लाभग्राही छनौट गर्दा कठिनाइ सामना गरेका थिए । कसैलाई सूचीमा सामेल गर्ने र कसैलाई सूचीबाट हटाउने गर्दा मानिसहरू रिसाउने सम्भावना भएकाले स्थानीय नेतृत्व राहत सूचीमा कसैलाई पनि छुटाउन चाहँदैनथ्यो। राहत प्याकेज आवश्यक हुने गरिब तथा जोखिममा रहेका परिवारबारे तथ्यांक स्थानीय सरकारसँग थिएन। यस सीमितताले पनि राहत वितरण प्रक्रियालाई जटिल बनाएको थियो। नेपालमा संकट वा विपतपश्चात राहत वितरण यसअघि पनि हचुवामै हुँदै आएको बताइन्छ। नागरिकहरू र स्थानीय निर्वाचित जनप्रतिनिधिहरूबीच द्वन्द्वको सम्भावना टार्न कपिलवस्तु जिल्लाको एक स्थानीय एकाइले नगरपालिकाको प्रत्येक परिवारलाई राहत वितरण गर्नमा धेरै रकम खर्च्यो। तर यसको प्रभाव अत्यन्तै न्यून हुने अनुमान गर्न सकिन्छ। तथ्यांक वा अभिलेख नहुँदा र गरिबीको रेखामुनि बाँचिरहेका र राहत आवश्यक हुने नागरिकहरू पहिचान गर्ने संयन्त्रको अभाव भएकाले आगामी दिनमा पनि यस्ता संकटपश्चात स्थानीय सरकारलाई राहत वितरण कार्य सकसपूर्ण हुने देखिन्छ।

लकडाउनले विशेषगरी सेवासम्बन्धी व्यवसायसहित थुप्रै उद्योग व्यवसायलाई असर पारेको थियो । फलस्वरूप कामदार तथा व्यवसायीहरूले लकडाउन लम्ब्याउने निर्णयको विरोध गर्न थालेका थिए । त्यस्ता करिब ५० घटना प्रकाशमा आएका थिए जसमध्ये अधिकांश हिंसात्मक थिए।[१९] विरोध प्रदर्शनले लकडाउन तथा त्ससँगका अन्य बन्देजलाई उल्लंघन गर्ने भएकाले सुरक्षाकर्मीहरूसँग झडप भएको थियो। ब्यूटीपार्लर र नाई व्यवसायीहरू तथा यातायात व्यवसायीहरूले लकडाउनको विरोध गरेका थिए किनभने लकडाउनले उनीहरूलाई सबैभन्दा धेरै असर गरेको थियो। अन्य उद्योगपति तथा व्यवसायीहरूले पनि विरोध गर्नुका साथै लकडाउनका बन्देजलाई खुकुलो बनाउन र उद्योग व्यवसाय पुन: सञ्चालन गर्ने अनुमति दिनका लागि सरकारसामु पहल गरेका थिए।

## *आप्रवासीको देशफिर्ती*

नेपाली आप्रवासीको देशफिर्ती प्रक्रिया व्यवस्थापनमा नेपाल सरकार चुक्नाले विरोध र प्रदर्शनका अनेकौं घटना भए। विदेशी तथा नेपाली नागरिकहरूलाई आ-आफ्नो देश फर्किन निषेध गरिएको समयमा हिंसात्मक तथा हिंसारहित दुवै प्रकृतिका घटना प्रकाशमा आएका थिए । नेपालमा कोभिड-१९ को त्रास बढ्दै गर्दा मार्च २२, २०२० मा नेपाल सरकारले भारत र चीन दुवैतर्फका सीमा बन्द गरेको थियो। त्यसलगत्तै मार्च २४ बाट अन्तर्राष्ट्रिय उडानहरू बन्द गरिए । भारत सरकारले कडा लकडाउन घोषणा गरेपछि भारतीय शहरमा बसोबास गर्दै आएका आप्रवासी कामदारहरूको नेपालतर्फ पलायन शुरु भएको थियो । उनीहरू सीमामै अलपत्र परेका थिए। उनीहरूलाई नेपाल प्रवेश गर्न नदिन नेपाल सरकारले

[१८] झा, अवधेशकुमार। २०२०। लोकल बिट अफ वार्ड अफिस रिप्रेजेन्टेटिभ एक्युजिङ हिम अफ नेपोटिजम् इन रिलिफ डिसट्रिब्युशन। *द काठमाडौँ पोष्ट*। https://tkpo.st/2KmnmgQ मा उपलब्ध; नोभेम्बर ४, २०२० मा हेरिएको।

[१९] यी घटनालाई राहत वितरणबारे द्वन्द्वको वर्गमा सामेल गरिएको छैन।

बल प्रयोग गरेको थियो । केही आप्रवासी कामदारले घर फर्कन आफ्नो ज्यान जोखिममा राखेर नेपाल र भारतबीचको सीमामा बग्ने नदी (महाकाली) पौडेर तरेका थिए तर नेपालतर्फ आइपुग्नेबित्तिकै उनीहरूलाई सशस्त्र प्रहरीले गिरफ्तार गरेको थियो ।[२०] धैरै अरू मानिसहरू सीमापारि नै धैरै दिनसम्म अलपत्र भएर बस्न बाध्य पारिए जसको फलस्वरूप सरकारको थप विरोध भयो । सीमापारि अलपत्र परेका व्यक्तिका नातेदार तथा परिवारजनले जिल्ला प्रशासन कार्यालयविरुद्ध पनि प्रदर्शन गरे ।

लकडाउन लागू गरिएकोले तथा अन्तर्राष्ट्रिय उडान रद्द गरिएकाले विदेशी नागरिकहरूलाई पनि आफ्नो देश फिर्ता जान अवरोध भयो । नेपालका विभिन्न भागमा धैरै भारतीय नागरिक अलपत्र परेका थिए । त्यसरी नै काठमाडौँमा अलपत्र परेका चिनियाँ नागरिकहरूले स्वदेश फिर्तीको माग गर्दै प्रदर्शन गरे । तीमध्ये एक प्रदर्शन हिंसात्मक बन्यो जसमा प्रहरी तथा चिनियाँ नागरिकहरू दुवै पक्ष घाइते भए ।[२१]

## कालोबजारी

अभिलेखनमा परेका कुल घटनामध्ये ६ प्रतिशत र कुल हिंसारहित घटनामध्ये ९ प्रतिशत अर्थात् जम्मा ३३ घटना कालोबजारीसँग सम्बन्धित थिए । कालोबजारीका प्राय: घटना प्रदेश २ र बागमती प्रदेशमा भेटिएका थिए । तीमध्ये काठमाडौँ जिल्लामा सबैभन्दा धैरै त्यस्ता घटना भएका थिए । कालोबजारीका घटना मुख्यत: किराना पसल, औषधि पसल र पेट्रोलियम बिक्रेताहरूद्वारा कृत्रिम मूल्य वृद्धिबारे थिए । औषधिजन्य सामग्रीको कालोबजारीबारे एउटा घटना उल्लेखनीय छ—अग्रपंक्तिका स्वास्थ्यकर्मीका लागि व्यक्तिगत सुरक्षा साधन (पीपीई) र थर्मल गन जस्ता सामग्रीको विकराल अभाव भइरहेको समयमा नेपालका लागि किर्गिस्तानका अवैतनिक वाणिज्य दूतले त्यस्ता सामग्रीको कालोबजारी गरिरहँदा रंगेहात पक्राउ परेका थिए ।[२२] उनी एक प्रभावशाली व्यापारी घरानाका व्यक्ति थिए । उक्त घटना प्रकाशमा आएपछि नेपाल सरकारले सबै अवैतनिक दूतहरूको विशेष सुविधा खारेज गरेको थियो ।

## नागरिक तथा पत्रकारमाथि आक्रमण

सरकारी निकायद्वारा नागरिक तथा पत्रकारमाथि आक्रमणका कुल ५४ घटना प्रकाशमा आएका थिए । तीमध्ये प्राय: घटना सुरक्षाकर्मीबाट भएको थियो । आधाजसो यस्ता घटना प्रदेश २ मा भएका थिए र प्राय: हिंसात्मक थिए । प्रहरीद्वारा गरिएका अधिकांश आक्रमण लकडाउन कार्यान्वयन गर्ने क्रममा भएको देखिन्छ । त्यस्ता आक्रमणको लक्ष्यमा प्राय: स्थानीय व्यापारी र तरकारी पसले थिए । आफ्नो गाउँघर फर्किएर आएका मानिसलाई क्वारेन्टिन केन्द्रमै रोकिराख्न पनि प्रहरीले बल प्रयोग गरेका थिए ।

स्थानीय पत्रकारलाई सुरक्षाकर्मी, स्थानीय निर्वाचित जनप्रतिनिधि वा राजनीतिक दलका नेताले धम्क्याएका वा भौतिक आक्रमण गरेका कुल ११ घटना प्रकाशमा आएका थिए । पत्रकारहरूमाथि यस्ता आक्रमणको लक्ष्य कोभिड-१९ विरुद्ध सरकारले गरेको कमजोर व्यवस्थापनबारे रिपोर्टिङ नगर्न धम्क्याउनु थियो । राहत वितरणमा भएका अनियमितताबारे रिपोर्टिङ गरेबापत निर्वाचित केही जनप्रतिनिधिले पनि पत्रकारहरूलाई धम्क्याएका थिए । त्यस्ता घटना पर्सा, खोटाङ, कैलाली, सुर्खेत, धनुषा, काठमाडौँ र सिराहामा भेटिएका थिए । यस्तामध्ये सात घटना तुलनात्मक रूपमा हिंसारहित भए पनि बाँकी चार घटनामा भौतिक आक्रमण भएको थियो । यी घटना प्रकाशमा आएपछि रिपोर्टर्स विथआउट बोर्डर्सले सरकारलाई सचेत गराउँदै देशका आधिकारिक निकायलाई संविधानप्रदत्त प्रेस स्वतन्त्रतालाई सुनिश्चित गर्ने उनीहरूको दायित्व स्मरण गराएका थिए ।[२३]

---

[२०] बडु, मनोज । २०२० । नेपालीज आर स्वीमिङ एक्रोश द महाकाली टु गेट होम । द *काठमाडौँ पोष्ट* । https://kathmandupost.com/2/२०७७/03/30/nepalis-are-swimming-across-the-mahakali-to-get-home मा उपलब्ध; नोभेम्बर २, २०२० मा हेरिएको ।

[२१] खबरहब । २०२० । पुलिस, चाइनिज नेशनल्स क्लास; सिक्स इन्जर्ड । https://english.khabarhub.com/२०७७/08/94583/ मा उपलब्ध; नोभेम्बर ४, २०२० मा हेरिएको ।

[२२] गिरी, अनिल । २०२० । नेपाल गभर्नमेन्ट डिरिकज्नाइजेज अनरेरी कन्सुल अफ किर्गिस्तान अग्रवाल । द *काठमाडौँ पोष्ट* । https://kathmandupost.com/national/२०७७/04/10/nepal-government-derecognises-honorary-consul-of-kyrgyzstan-agrawal मा उपलब्ध; नोभेम्बर ७, २०२० मा हेरिएको ।

[२३] आरएसएफ । २०२० । नेप्लिज जर्नलिष्ट्स थ्रेटेन्ड, एट्याक्ड एण्ड सेन्सोर्ड ओभर कोभिड-१९ कभरेज । https://rsf.org/en/news/nepalese-journalists-

चित्र ३: देशभरिका जिल्लाहरूमा नागरिक तथा पत्रकारमाथि आक्रमणका घटना




## ५. निष्कर्ष

यस प्रतिवेदनले नेपालमा  फेब्रुअरी र सेप्टेम्बरसम्म कोभिड-१९ सम्बन्धित घटना तथा द्वन्द्वको सिंहावलोकन प्रस्तुत गरेको छ । नेपाल सरकारले कोभिड-१९ महामारी फैलिन नदिन तथा त्यसबाट सम्भावित आर्थिक क्षति न्यूनीकरण गर्न विभिन्न नीति कार्यान्वयनमा ल्याएको थियो। संक्रमण फैलिनबाट रोक्ने उद्देश्यले लकडाउन र अन्य बन्देज लागू गर्नुको औचित्य पुष्टि गर्न सरकारका लागि सजिलै भयो। तर त्यससँगै महामारीको बोझमुनि थिचिएको जनस्वास्थ्य संरचनामा सुधार ल्याउने थप कार्यक्रम भने सरकारले ल्याउन सकेन। त्यसैले उदासिन नागरिकहरूले सरकार र सम्बन्धित निकायहरूको विरोध गर्नुपरेको थियो जसका कारण सरकारको ध्यानाकर्षण भएसँगै केही नीतिगत सुधार पनि भएको पाइयो।

भारत तथा अन्य देशमा कार्यरत नेपाली नागरिकहरूको सुरक्षित नेपाल फिर्ती व्यवस्थापन गर्ने काममा पनि सरकार विफल भएको थियो । आफ्नै नागरिकलाई स्वदेश फर्किनबाट रोक्न सरकारले बलसमेत प्रयोग गरेको थियो। त्यसरी नै लकडाउनको समयमा राहत वितरणका लागि तथा संघीय सरकार र धेरै स्थानीय सरकारले पर्याप्त तैयारी गर्न नसकेकाले थप द्वन्द्वका घटना भएका थिए। यसै पनि यस समयमा भएका धेरैजसो घटना सरकारी निकाय र नागरिकहरू बीचको द्वन्द्वसम्बन्धी थिए । एकातिर जनस्वास्थ्य संरक्षण गर्ने, विपतमा परेका मानिसहरूका लागि राहत व्यवस्थापन गर्ने तथा नागरिक अधिकारको संरक्षण गर्ने आफ्नो मूल दायित्व निर्वाह गर्नमा सरकार चुकेको यी घटनाहरूले देखाउँछन् भने अर्कातिर विशेषगरी महामारीको समयमा राज्यका अंगले उपलब्ध गराएका सुविधाको गुणस्तरबारे नागरिकहरू तथा युवाहरूमाझ व्यापक असन्तुष्टि देखिन्छ। सम्भवत: यस समयले राज्य र नागरिकबीचको खाडललाई झनै विकराल बनाउँदै परस्परमा विश्वासको संकटलाई झनै प्रगाढ बनाएको छ। विश्वासको यस्तो संकटलाई अझै जटिल हुन नदिने हो भने प्रदेश तथा स्थानीय सरकारहरूका साथै संघीय सरकारद्वारा जनस्वास्थ्य र नागरिक अधिकार संरक्षणप्रति लक्षित नीति एवं कार्ययोजना ल्याइनु अत्यावश्यक छ।

threatened-attacked-and-censored-over-covid-19-coverageमा उपलब्ध; नोभेम्बर ७, २०२० मा हेरिएको।

# अनुसूचीहरू

## तालिका १: हिंसात्मक तथा हिंसारहित घटना (सबै प्रदेश)

| क्र. सं. | घटना | घटना संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | हिंसारहित | ३६९ | ७२.४ |
| २. | हिंसात्मक | १४१ | २७.६ |
| | **कुल** | **५१०** | **१००** |

## तालिका २: घटनाको संख्यामा मासिक घटबढ (सबै प्रदेश)

| क्र. सं. | महिना | घटना संख्या (हिंसात्मक र हिंसारहित) | प्रतिशत |
|---|---|---|---|
| १. | फेब्रुअरी | २ | ०.४ |
| २. | मार्च | ११ | २.२ |
| ३. | अप्रिल | १११ | २१.८ |
| ४ | मे | ११७ | २२.९ |
| ५ | जुन | ८८ | १७.३ |
| ६ | जुलाई | ४२ | ८.२ |
| ७ | अगस्ट | १११ | २१.८ |
| ८ | सेप्टेम्बर | २८ | ५.५ |
| | **कुल** | **५१०** | **१००** |

## तालिका ३: घटनाको संख्यामा मासिक घटबढ (सबै प्रदेश)

| क्र.सं. | महिना | घटना संख्या (हिंसारहित) | घटना संख्या (हिंसात्मक) | कुल |
|---|---|---|---|---|
| १. | फेब्रुअरी | २ (०.५०%) | ० (०.००%) | २ (०.४०) |
| २. | मार्च | ७ (१.९०%) | ४ (२.८०) | ११ (२.२०) |
| ३. | अप्रिल | ६४ (१७.३०) | ४७ (३३.३०) | १११ (२१.८०%) |
| ४. | मे | ७५ (२०.३०%) | ४२ (२९.२०%) | ११७ (२२.९०%) |
| ५. | जुन | ६८ (१८.४०%) | २० (१४.२०%) | ८८ (१७.३०%) |
| ६. | जुलाई | ३६ (९.८०%) | ६ (४.३०%) | ४२ (८.२०%) |
| ७. | अगस्ट | ९६ (२६००%) | १५ (१०.६०%) | १११ (२१.८०%) |
| ८. | सेप्टेम्बर | २१ (५.७०%) | ७ (५.००%) | २८ (५.५०%) |
| | **कुल** | **३६९ (१००.००%)** | **१४१ (१००.००%)** | **५१० (१००.००%)** |

### तालिका ४: प्रत्येक प्रदेशमा घटनाको संख्या

| क्र.सं. | प्रदेश | घटना संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | प्रदेश १ | ६३ | १२.४ |
| २. | प्रदेश २ | १४७ | २८.८ |
| ३. | बागमती | १२६ | २४.७ |
| ४. | गण्डकी | २८ | ५.५ |
| ५. | लुम्बिनी | ५२ | १०.२ |
| ६ | कर्णाली | ३२ | ६.३ |
| ७ | सुदूरपश्चिम | ६२ | १२.२ |
| | **कुल** | **५१०** | **१००** |

### तालिका ५: घटनाको स्वरूप/प्रकृति (सबै प्रदेश)

| क्र.सं. | घटनाको प्रकृति (हिंसात्मक र हिंसारहित) | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | गिरफ्तारी | ६ | १.२ |
| २. | आक्रमण (सानो र ठूलो समूहमा) | ८१ | १५.९ |
| ३. | सामाजिक निषेध | ४३ | ८.४ |
| ४. | कालोबजारी | ३३ | ६.५ |
| ५. | कर्फ्यु तथा राज्यले जारी गरेको निषेधाज्ञासम्बन्धी | ६५ | १२.७ |
| ६ | प्रदर्शन, घेराउ, धर्ना, तालाबन्दी र अन्य अहिंसात्मक विरोध प्रदर्शन | १९३ | ३७.८ |
| ७ | सामूहिक मुठभेड र अन्य हिंसात्मक घटना | ३९ | ७.६ |
| ८. | कार्यक्रम अवरोध, बन्द तथा राजमार्गमा छेकबार | १६ | ३.१ |
| ९. | सार्वजनिक अपमान र धम्की | १३ | २.५ |
| १०. | नागरिकविरुद्ध हिंसा, हिंसापूर्ण प्रदर्शन | २१ | ४.१ |
| | **कुल** | **५१०** | **१००** |

## तालिका ६: प्रत्येक प्रदेशमा घटनाको प्रकृति

| क्र.सं. | घटनाको प्रकृति | प्रदेश १ | प्रदेश २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | कुल |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | हिंसारहित | ४५ | ८२ | १०६ | २५ | ४२ | १९ | ५० | ३६९ |
| १.१ | गिरफ्तारी | | ४ | २ | | | | | ६ |
| १.२ | सामाजिक निषेध | १४ | ८ | १० | ४ | ५ | १ | १ | ४३ |
| १.३ | कालोबजारी | १ | ११ | १५ | ४ | १ | | १ | ३३ |
| १.४ | कर्फ्यु तथा राज्यले जारी गरेको निषेधाज्ञासम्बन्धी | ७ | ११ | १६ | ६ | १२ | ८ | ५ | ६५ |
| १.५ | प्रदर्शन, घेराउ, धर्ना, तालाबन्दी र अन्य अहिंसात्मक विरोध प्रदर्शन | २० | ३९ | ५१ | ११ | २२ | ८ | ४२ | १९३ |
| १.६ | कार्यक्रम अवरोध, बन्द तथा राजमार्गमा छेकबार | | ५ | ७ | | १ | २ | १ | १६ |
| १.७ | सार्वजनिक अपमान र धम्की | ३ | ४ | ५ | | १ | | | १३ |
| २. | हिंसात्मक | १८ | ६५ | १९ | ४ | १० | १३ | १२ | १४१ |
| २.१ | आक्रमण (सानो र ठूलो समूहमा) | ११ | ३७ | ८ | १ | ५ | ८ | ११ | ८१ |
| २.२ | हमला, भिडन्त, र अन्य हिंसात्मक कार्य | ४ | १८ | ७ | ३ | ४ | ३ | | ३९ |
| २.३ | बर्बरता | २ | ४ | १ | | १ | १ | १ | १० |
| २.४ | नागरिकमाथि हिंसा | १ | २ | २ | | | १ | | ६ |
| २.५ | हिंसात्मक प्रदर्शन | | ४ | १ | | | | | ५ |
| | **कुल** | **६३** | **१४७** | **१२५** | **२९** | **५२** | **३२** | **६२** | **५१०** |

तालिका ७: १० भन्दा बढी घटना भएका जिल्ला

| क्र.सं. | जिल्ला | घटना संख्या (हिंसात्मक र हिंसारहित) | प्रतिशत |
|---|---|---|---|
| १. | काठमाडौं | ६४ | १२.५ |
| २. | पर्सा | ४० | ७.८ |
| ३. | धनुषा | २८ | ५.५ |
| ४. | कैलाली | २४ | ४.७ |
| ५. | सप्तरी | २४ | ४.७ |
| ६. | मोरङ | २१ | ४.१ |
| ७. | चितवन | १६ | ३.१ |
| ८. | सुनसरी | १५ | २.९ |
| ९. | बारा | १४ | २.७ |
| १०. | झापा | १३ | २.५ |
| ११. | सिराहा | १३ | २.५ |
| १२. | दाङ | १२ | २.४ |
| १३. | कन्चनपुर | १२ | २.४ |
| १४. | रौतहट | १२ | २.४ |
| १५. | ललितपुर | ११ | २.२ |
| १६. | दैलेख | १० | २.० |
| १७. | अन्य | १८१ | ३५.५ |
|  | **कुल** | **५१०** | **१००** |

तालिका ८: प्रत्येक प्रदेशमा हिंसात्मक तथा हिंसारहित घटनाबीचको अनुपात

| क्र.सं. | प्रदेश | हिंसारहित घटना संख्या | हिंसात्मक घटना संख्या | कुल (प्रतिशत) |
|---|---|---|---|---|
| १. | प्रदेश १ | ४५ (७१.४०%) | १८ (२८.६०%) | ६३ (१००.००%) |
| २. | प्रदेश २ | ८२ (५५.८२%) | ६५ (४४.२०%) | १४७ (१००.००%) |
| ३. | बागमती | १०६ (८४.८०%) | १९ (१५.२०%) | १२५ (१००.००%) |
| ४. | गण्डकी | २५ (८६.२०%) | ४ (१३.८०%) | २९ (१००.००%) |
| ५. | लुम्बिनी | ४२ (८०.८०%) | १० (१९.२०%) | ५२ (१००.००%) |
| ६ | कर्णाली | १९ (५९.४०%) | १३ (४०.६०%) | ३२ (१००.००%) |
| ७. | सुदूरपश्चिम | ५० (८०.६०%) | १२ (१९.४०%) | ६२ (१००.००%) |
| | **कुल** | **३६९ (७२.४०%)** | **१४१ (२७.६०%)** | **५१० (१००.००%)** |

यो अद्यावधिक विश्लेषण डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) तथा शान्तिका लागि साझा अभियान (कोक्याप)/नेपाल पिस मनिटरको संयुक्त प्रकाशन हो । यसका लागि द एसिया फाउण्डेसनबाट आर्थिक तथा प्राविधिक सहयोग प्राप्त भएको छ । यस प्रतिवेदनमा सामेल सबै निष्कर्ष र विश्लेषण डीआरसीएन तथा कोक्यापका अध्ययनमा आधारित छन् र तिनले सहयोगी संस्थाका विचारलाई प्रतिनिधित्व नगर्न पनि सक्छन् ।